बैठक संख्या ३0

मिति २०७५/०५/११ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु:

१.यस नगर क्षेत्रमा विज्ञापन कर असुल गर्नका लागि विभिन्न फर्महरु (यमन ब्रिज नेपाल प्रा लि रु ५०,५००/–,शुभ लक्ष्मी एडभर्टाइजिंग प्रा लि रु ४५,०००/– र जे के होर्डिङ्ग प्रा लि रु ४८,०००/–)बाट कोटेशन प्राप्त भएकामा ,यमन ब्रिज नेपाल प्रा लि बाट कबोल गरिएको रकम रु ५०,५००/– (पचास हजार पाँच सय मात्र ) मात्रमा चालु आर्थिक वर्ष २०७५/०७६ को लागि वार्षिक रकम असुली गरी सम्झौता गरी कार्य गर्न कार्यादेश दिने ।

२.नगर प्रमुख ज्यूको प्रेश सल्लाहकारको मासिक पारिश्रमिक नगर कार्यपालिकाले तोके अनुसार हुने भन्ने नगर सभाको निर्णयानुसार निजको मासिक पारिश्रमिक रु २०,०००/– (बिस हजार मात्र) तोक्ने ।साथै,निजलाई एक थान डिएसएलआर क्यामेरा र एक थान ल्यापटप समेत उपलब्ध गराउने व्यवस्था मिलाउने ।

३.नेपाल आदिवासी जनजाति पत्रकार महासंघको पुरुष्कार वितरण कार्यक्रम सहयोग बापत रु २०,०००/– (बिस हजार मात्र) उपलब्ध गराउने ।

४.वडा नं. २ स्थित गोयाङ्ग गाजावारी झोलुंगे पुल पश्चिम तर्फको पहिरो व्यवस्थापनका लागि सहयोग माग भई आएकामा सो पहिरो व्यवस्थापन गर्न आवश्यक तारजाली तथा ह्युमपाइप वडा स्तरीय प्रकोप व्यवस्थापनबाट खर्च गरी बाँकी रकमको जनसहभागिता वापतको २० प्रतिशत रकम कट्टी गरी बाँकी ८० प्रतिशत नगरस्तरीय प्रकोप व्यवस्थापन बाट खर्च गर्ने गरी योजना सञ्चालन गर्ने ।

५.वडा नं. ५ स्थित बाहृदशी खोल्सीमा पैनी सरसफाइ तथा मर्मत गरिएकामा सो कार्यको प्राविधिक नापी तथा मूल्यांकन खर्चको भुक्तानी गर्ने ।

६.अर्जुनधारा नगरपालिका वडा नं. २ को साठिमुरे, वडा नं. ६ शिखरटोल गमस्ता, वडा नं. ७ तथा को वडा नं. ११ को सालवाडीमा कुनै पनि स्वास्थ्य संस्था नभएको र उक्त क्षेत्रमा शहरी स्वास्थ्य केन्द्र स्थापना गरेमा उक्त क्षेत्र लगायत आसपासका वडा तथा सिमाना जोडिएका स्थानीय तहका नागरिकलाई समेत स्वास्थ्य सेवा प्रदान गर्न सकिने देखिएकाले उक्त क्षेत्रहरुमा शहरी स्वास्थ्य केन्द्र स्थापनाका लागि सहयोगार्थ प्रदेश सरकारसँग अनुरोध गर्ने ।

७.यस नगरक्षेत्रका आयोजनाहरुमा प्रयोग हुने नदिजन्य सामाग्रीहरु ढुंगा,गिटी,बालुवा आदिको प्राविधिक शाखाबाट प्राप्त भएको संलग्न दररेट स्वीकृत गरी लागू गर्ने ।